# प्रभाव दैनिक
National Daily

वर्ष १० | अंक ६२ | काठमाडौं | शनिबार, ९ असार २०८० | Prabhab National Daily | Saturday, June 24, 2023 | www.prabhabonline.com | पृष्ठ ६ | मूल्य रू. ५।-



**व्यावसायिक कृषिले बनाउँछ सुखी**

- निर्वाहमुखी कृषि प्रणालीमा सुधार गरी व्यावसायिक कृषिको प्रारम्भ गरौं।
- खेतीयोग्य जमिन बाँझो नराखौं।
- लाखौं खर्च गरेर विदेशिनुको सट्टा स्वदेशमै व्यावसायिक कृषि र पशुपालन गरौं।
- व्यावसायिक कृषि उत्पादनमार्फत आर्थिक उपार्जन गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


**सन्दर्भ : वैदेशिक रोजगार**

## वैदेशिक रोजगारीले फेरियो पुरन्य गाउँ

**गलेश्वर–** म्याग्दीको बेनी नगरपालिका-५ पुरन्यको बस्तीमा १०३ घर रहेको दलित बस्तीमा एउटा मात्र पानीको कुवा थियो । टाढा-टाढाका गाउँमा पुगेर दैनिक ज्याला मजदुरी गरी ल्याएको अन्नले बिहानबेलुकीको छाक टार्नुपर्दथ्यो । गरिबीको मारमा पिल्सिएका त्यहाँका दलित दैनिक ज्याला मजदुरीका लागि टाढाटाढाका गाउँमा जानुपर्ने बाध्यता थियो ।

गरिबीबाट वाक्कदिक्क भएर २०६७ सालमा पुरन्यका डिलबहादुर, रिजन, यामबहादुरलगायतका कयौं युवा खाडी मुलुक पसे । कतार, साउदी, युएई पसेका ती युवाको मिहेनतले सार्थकता पाउन थाल्यो । उनीहरूले पैसा कमाएर घरमा रहेका आफन्तलाई पठाउन थाले । अनि फेरियो पुरन्य गाउँको मुहार ।

> गरिबीबाट वाक्कदिक्क भएर २०६७ सालमा पुरन्यका डिलबहादुर, रिजन, यामबहादुरलगायतका कयौं युवा खाडी मुलुक पसे । कतार, साउदी, युएई पसेका ती युवाको मिहेनतले सार्थकता पाउन थाल्यो । उनीहरूले पैसा कमाएर घरमा रहेका आफन्तलाई पठाउन थाले । अनि फेरियो पुरन्य गाउँको मुहार ।

घरमा आकर्षक टिभी, गोठमा दुहुनो भैंसी र बैंकमा पैसा, अनि सहरमा घर घडेरी केही वर्ष अगाडिसम्म पुरुन्नेका दलित समुदायलाई सपनाजस्तै लाग्ने यो अवस्था अहिले उनीहरूले नै भोग्न पाएका छन् । आर्थिक अवस्था कमजोर भएकै कारण दैनिक ज्याला मजदुरी गरेर घर खर्च चलाउने गरेका पुरुन्नेका दलितको दैनिकीमा अहिले पत्याउनै नसकिने किसीमले परिवर्तन आएको छ ।

गाउँबाट धमाधम वैदेशिक रोजगारमा जानेको लर्को लाग्न थालेपछि पुरुन्नेवासीको हातमा मोबाइल, घरमा महँगो टिभी, श्रीमती र सुनको सिक्री, औंठी र सहर बजारमा घरघडेरीसमेत छन् । पुरन्यका यामबहादुर दर्जीले दिएको जानकारीअनुसार १०३ घरपरिवार रहेको पुरन्यको दलित बस्तीबाट अहिले एकाधबाहेक सबै घरका युवा विदेशमा गएका छन् ।

आर्थिक अवस्था अत्यन्त कमजोर भएपछि छिमेकीको घरमा भाडा, दैनिक मजदुरी गरेर गाँस जुटाउने गरेका यहाँका दलित परिवार घरका उमेर पुगेका भाइ छोरालाई ऋण खोजेर विदेश पठाएको केही वर्षमै गाउँमा आफ्नै घरसहित आधुनिक सुविधा उपभोग गरिरहेका छन् ।

गाउँघरमा ज्याला मजदुरी गरेर दिन बिताउने गरेका यहाँका युवा विदेश गएर धमाधम 'रेमिटचान्स'मार्फत पैसा पठाउन थालेपछि पुरुन्नेमा व्यक्तिगत आर्थिक जीवनस्तरका साथै सरसफाइ, जीवनशैली, जनचेतना र अन्य व्यवहारमासमेत परिवर्तन आएको गाउँका अगुवा यामबहादुर दर्जीले बताए । पुरुन्नेका अधिकांश घरबाट खाडीमुलुक कतार, साउदी अरब, बराइन, मलेसिया, भारतलगायतका देशमा गएपछि गाउँको रूप फेरिएको छ । आर्थिकस्तरमा परिवर्तन भएसँगै सरसफाइसहित जनचेतनामूलक कार्यमासमेत गाउँले सक्रिय रहेका छन् ।

पुरुन्नेमा मासिक ३० लाखभन्दा बढी रेमिटचान्सबापतको रकम भित्रिने गरेको स्थानीयवासीले बताएका छन् । आर्थिकस्तरमा परिवर्तन भएपछि सरसफाइ, नयाँ प्रविधिको प्रयोग, शिक्षादीक्षामासमेत सहज भएको छ ।

बालबालिकाले निजी तथा गाउँकै सामुदायिक विद्यालयमासमेत उत्कृष्ट अंक ल्याउन सफल भएका छन् । महिलाले गाउँमा फेन्सी, सिलाइकटाइ, खुद्रा पसलसहित विभिन्न स्वरोजगारमूलक काम गरिरहेका छन् । त्यसैगरी केही युवाले वैदेशिक रोजगारबाट कमाएको पैसाले पोखरामा घडेरी किनेर घरसमेत बनाएका छन् । तीमध्येका एक युवा हुन् रिजन दर्जी । ४३ वर्षीय दर्जी विगत १३ वर्षदेखि युएईमा कार्यरत छन् । उनले यो अवधिमा दुई छोरी, एक छोरा र श्रीमतीले चाहेको पुऱ्याइदिनुका साथै पोखरामा घडेरी किनेर घरसमेत बनाएको बताइएको छ । *रासस*

**संसद्मा प्रधानमन्त्रीसँग प्रश्नोत्तर**



# १३ सांसदको प्रश्न, प्रधानमन्त्रीको जवाफ

प्रतिनिधिसभाको शुक्रबारको बैठकमा सांसदहरूले प्रधानमन्त्री पुष्पकमल दाहालसँग प्रत्यक्ष प्रश्नोत्तर गरेका छन् । बैठकमा १३ सांसदले समसामयिक विषयमा प्रधानमन्त्रीसँग प्रश्नोत्तर गरेका थिए । विकास निर्माण, किसानका समस्या, राष्ट्रिय सुरक्षालगात विषयमा सांसदले जिज्ञाशा राखेका थिए । जवाफमा प्रधानमन्त्री दाहालले सरकार किसानका सामस्या समाधान गर्न प्रतिबद्ध रहेको उल्लेख गर्दै आगामी आर्थिक वर्षको बजेट विनियोजन गर्दा मानव विकास सूचकांकमा पछि परेको प्रदेशलाई प्राथमिकता दिइएको बताए । सदनमा प्रश्नोत्तरका क्रममा सांसदले राखेका जिज्ञाशामा प्रधानमन्त्रीले दिएको जवाफ यहाँ प्रस्तुत गरिएको छः

**सांसद अच्युतप्रसाद मैनालीको प्रश्न: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ट (३) मा निर्माणस्थलको व्यवस्थापन नभई खरिद कार्य गर्न नहुने उल्लेख छ । राष्ट्रिय गौरवका आयोजना बूढीगण्डकी, सुनकोसी–मरिन, काठमाडौं तराई द्रुतमार्ग, खोकना–निजगढ अन्तर्राष्ट्रिय विमानस्थल (टाँगिया बस्ती), पूर्व–पश्चिम रेलमार्गको जग्गा अधिग्रहण एवं घर, टहरा हटाउने, क्षतिपूर्ति दिने साथै तामागढी–सिम्रौनगढ हुलाकी सडकको मुआब्जा जनताले चार वर्षदेखि पाउन सकेका छैनन् । चालु आवमा बजेट विनियोजन छ/छैन साथै बहुचर्चित रेलसेवा सञ्चालनबारे सरकारको दृष्टिकोण के छ ?**

**प्रधानमन्त्री**: सरकारले सबै राष्ट्रिय गौरवका आयोजनामा बजेट सुनिश्चित गर्ने गरेको छ । राष्ट्रिय गौरवका आयोजनामा विनियोजित रकम कम हुने अवस्थामा पनि आवश्यकताअनुसार थप बजेटको व्यवस्थापन गर्ने गरिएको छ । निजगढ अन्तर्राष्ट्रिय विमानस्थलमा आगामी आवमा 'साइट क्लिरियन्स' गर्ने कार्य सम्पन्न गर्नेतर्फ सरकारले ध्यान दिनेछ । रेलसेवा सञ्चालन गर्नेबारेमा सरकार सकारात्मक रहेको छ । साथै राष्ट्रिय गौरवका आयोजना तथा अन्य प्राथमिकता प्राप्त आयोजनाको जग्गा अधिग्रहण, मुआब्जा तथा क्षतिपूर्ति वितरण गर्ने कार्य सरकारको प्राथमिकतामा रहेको छ। आगामी दिनमा आवश्यक बजेट व्यवस्थासहित सम्बन्धित निकायमार्फत यस विषयमा सम्बोधन हुने व्यहोरा अवगत गराउन चाहन्छु । अन्तर्राष्ट्रिय राजनीतिमा घटिराखेका घटनाप्रति नेपाल सरकारको गहिरो ध्यान छ ।

**सांसद अजयकुमार चौरसियाको प्रश्न: प्रधानमन्त्रीज्यू, लगभग ७० प्रतिशत राजस्व मधेस प्रदेशको वीरगञ्जबाट संकलन हुन्छ। जनसंख्या अन्य प्रदेशभन्दा बढी भएको तर बजेट विनियोजन मधेस प्रदेशमा सबभन्दा कम किन भयो ? पर्साको वीरगञ्ज सरकारको प्राथमिकतामा किन परेन ? वीरगञ्ज सहरको स्तरोन्नतिका लागि के–के कार्यक्रम आएको छ ? सम्मानीय प्रधानमन्त्रीज्यू, नारायणी उपक्षेत्रीय अस्पताल, ठाकुरराम बहुमुखी क्याम्पस आदर्शनगर एवं नारायणी रंगशालाको स्तरोन्नतिका कति रकम विनियोजन भएको छ ? स्वास्थ्य, शिक्षा, कृषि र रोजगारको राम्रो व्यवस्थाविना कुनै पनि मुलुकको उन्नति प्रगति हुन सक्दैन भन्ने थाहा हुँदाहुँदै यसमा सरकारको पर्याप्त ध्यान किन जान सकिरहेको छैन ?**

**प्रधानमन्त्री**: **मधेस प्रदेशमा कम बजेट विनियोजन भएको होइन ।** संघीयताको मर्मअनुरूप संघबाट प्रदेश र स्थानीय तहमा हुने वित्तीय हस्तान्तरणको १५ प्रतिशतभन्दा बढी रकम मधेस प्रदेशमा नै जान्छ। यसका अतिरिक्त संघबाट सञ्चालन हुने पूर्व-पश्चिम राजमार्ग आयोजना, पथलैया-वीरगञ्ज करिडोर, चन्द्रपुर-गौर राजमार्ग, हुलाकी राजमार्ग तथा सुनकोसी मरिन, बागमती, कमला, चन्द्र नहरलगायत सिँचाइ आयोजना, विभिन्न औद्योगिक तथा व्यापारिक पूर्वाधार आयोजना, तराई मधेसलाई लक्षित गरी तराई-मधेस समृद्धि कार्यक्रम, मधेसलाई काठमाडौंसँग जोड्ने द्रुतमार्गलगायत ठूला परियोजा मधेस प्रदेशमा नै पर्ने र तिनको समयबद्ध कार्यान्वयनका लागि यथेष्ट बजेट विनियोजन गर्ने गरिएको छ । सञ्चालनमा रहेका आयोजनाको कार्यप्रगति र आवश्यकताका आधारमा बजेट विनियोजन हुने भएकाले बजेटको अंकसँगै त्यसले पार्ने बृहत्तर प्रभावलाई समेत सकारात्मकरूपमा लिइदिनुहुन आग्रह गर्न चाहन्छु ।

पर्साको वीरगञ्जको विकास सरकारको प्राथमिकतामा नै छ। नारायणी रंगशालामा आगामी वर्षका लागि एक करोड ५० लाख रूपैयाँ विनियोजन गरिएको छ । नारायणी अस्पतालका लागि ४१ करोड ३० लाख रूपैयाँ विनियोजन गरिएको छ। ठाकुरराम बहुमुखी क्याम्पसका लागि विश्वविद्यालय अनुदान आयोगमार्फत अनुदान जाने व्यवस्था मिलाइएको छ । सरकारले मानव जीवनसँग सम्बन्धित अत्यावश्यक विषय स्वास्थ्य, शिक्षा, कृषि र रोजगारीलाई उच्च प्राथमिकतामा राखेको छ । सरकारले स्वास्थ्य पूर्वाधार निर्माण, मेसिन/उपकरण खरिद र जनशक्तिका लागि आवश्यक पर्ने रकम विनियोजन गरेको छ । बजेटको आकार चालु वर्षको भन्दा सानो हुँदा पनि आगामी वर्षको बजेटमा शिक्षाको बजेट घटाइएको छैन । कृषि क्षेत्रका लागि उत्पादनमा आधारित अनुदान, रैथाने बाली प्रवर्द्धन, रासायनिक मलमा बजेट व्यवस्थालगायत कार्यक्रम छन् ।

**सांसद अञ्जनी श्रेष्ठको प्रश्न: यस गरिमामय सदनमा शून्य समय, विशेष समय र आकस्मिक समयमा उठाइएका जनतासँग सरोकार भएका प्रश्नहरूको उत्तर कहिल्यै आउँदैन किन ? यो सदनमा प्रस्तुत बजेटमा ७७ जिल्लालाई सम्बोधन गर्दा जनतालाई सरकार छ, छैन महसुस भएन । अबका दिनमा सरकार जनतासँगै रहेको महसुस कसरी दिलाउन सकिन्छ ? भन्ने प्रश्न गर्न चाहन्छु।**

**प्रधानमन्त्री**: सम्मानित सदनमा शून्य समय र विशेष समयमा माननीय सदस्यले उठाएका विभिन्न प्रश्नमा सरकार संवेदनशील भई तिनको जवाफ नियमितरूपमा दिई नै रहेको छ । सदनमा उठाइएका प्रश्न र जिज्ञासाको जवाफ दिने जिम्मेवारी र उत्तरदायित्वबाट सरकार कहिल्यै पछि हट्दैन । राष्ट्र र नागरिकको समग्र हित तथा समुन्नतिका लागि सरकार सदैव प्रयत्नशील रहँदै आएको छ। जनसरोकारका विविध विषयलाई उचित सम्बोधन गर्दै तथा विकास निर्माण कार्यलाई गति दिँदै सरकार र नागरिकबीचको सम्बन्धलाई सुदृढ बनाउन सरकार दृढ संकल्पित छ ।

**सांसद अनिशा नेपालीको प्रश्न: सम्माननीय प्रधानमन्त्रीको हालै सम्पन्न भारत भ्रमणमा भारतले नेपालबाट १० हजार मेगावाट विद्युत् खरिद गर्ने सहमति भएको जानकारी आयो। उक्त १० हजार मेगावाट कुनकुन आयोजनादेखि के–कति परिमाण र कुन दरमा भारतले खरिद गर्न खोजेको हो ? खरिद सम्झौता कहिलेदेखि सुरु हुन्छ र कहिलेसम्मका लागि हो ? नेपालकै लगानीको विदेशी कम्पनीले ठेक्कामा निर्माण गरेको योजनाको विद्युत् खरिद हुन्छ कि हुँदैन ? यस सम्बन्धमा के कस्तो कार्यविधि तयार हुँदै छ ? यस्तो महत्त्वपूर्ण विषय संसद्को जानकारीको विषय हो कि होइन ?**

**प्रधानमन्त्री**: भर्खरै मैले मित्रराष्ट्र भारतको भ्रमण गर्दा नेपालको जलविद्युत् विकासका लागि लगानी भित्र्याएको र उत्पादित विद्युत् निर्यात गर्ने सम्बन्धमा महत्त्वपूर्ण कार्य भएका छन् । भारत सरकारले आगामी १० वर्षमा नेपालबाट १० हजार मेगावाट जलविद्युत् खरिद गर्ने प्रतिबद्धता भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीजीले व्यक्त गर्नुभएको छ । भारतसँगको दीर्घकालीन ऊर्जा व्यापार सम्झौतामा प्रारम्भिक हस्ताक्षर भ्रमणकै दौरानमा भइसकेको छ । सम्झौतामा अन्तिम हस्ताक्षर यथाशीघ्र सम्पन्न हुँदै छ ।

देशमा हाल वर्षायाममा विद्युत् उत्पादन क्षमता करिब दुई हजार ८०० मेगावाट रहेको छ भने अधिकतम खपत करिब एक हजार ९०० मेगावाट रहेको अवस्था छ। आन्तरिक खपतभन्दा बढी भएको ऊर्जा खेर जान नदिने गरी छिमेकी मुलुक भारतमा विद्युत् निर्यात भइरहेको छ। यसबाट देशको व्यापार घाटा न्यूनीकरण गर्नसमेत महत्त्वपूर्ण योगदान पुगेको छ । मुलुकभित्र (**बाँकी पृष्ठ ३ मा**)










# नेपाल र क्यामरुनबीच कूटनीतिक सम्बन्ध स्थापना

**काठमाडौं (प्रस)**- नेपाल र गणतन्त्र क्यामरुनबीच कूटनीतिक सम्बन्ध स्थापना भएको छ। योसँगै नेपालको कूटनीतिक सम्बन्ध रहेका मुलुकको संख्या १८० पुगेको छ।

संयुक्त राष्ट्रसंघका लागि नेपालका राजदूत/स्थायी प्रतिनिधि अमृतबहादुर राई र संयुक्त राष्ट्रसंघका लागि क्यामरुन गणतन्त्रका राजदूत/स्थायी प्रतिनिधि मिशेल टोमो मोन्थेले बिहीबार संयुक्त राष्ट्रसंघको मुख्यालय, न्युयोर्कमा आयोजित समारोहमा सोसम्बन्धी संयुक्त विज्ञप्तिमा हस्ताक्षर गरे।

दुई देशबीचको कूटनीतिक सम्बन्ध स्थापनाका बारेमा संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेर्रेसलाई जानकारी गराउने संयुक्त पत्रमा दुवै राजदूतले हस्ताक्षर गरेका संयुक्त राष्ट्रसंघका लागि नेपालको स्थायी नियोगले जनाएको छ। सो अवसरमा दुवै राजदूतले राष्ट्रिय तथा अन्तरर्ाष्ट्रिय मञ्चमा विशेषगरी संयुक्त राष्ट्रसंघका मञ्चमा दुई देशको पारस्परिक हितका लागि द्विपक्षीय सहयोगलाई सुदृढ पार्न साझा हितका विभिन्न विषयमा विचार विमर्श गरेका थियो।

पश्चिम अफ्रिकामा अवस्थित क्यामरुनमा २४० भन्दा बढी जनजाति छन् भने २३० भाषा बोलिन्छन्। चाड, मध्य अफ्रिकी गणतन्त्र, कंगो गणतन्त्र, ग्याबोन, इक्वेटोरियल गिनी र नाइजेरियासँग सिमाना जोडिएको यो मुलुकको दक्षिणपश्चिममा एट्लान्टिक महासागरको सिमाना रहेको छ। यो दुई करोड ७० लाखभन्दा बढी जनसंख्या भएको क्यामरुनको कूल क्षेत्रफल चार लाख ७५ हजार ४४० वर्ग किलोमिटर छ।

सन् १९६० जनवरी १ मा स्वतन्त्र भएको यो मुलुक २० सेप्टेम्बर १९६० मा संयुक्त राष्ट्रसंघमा सामेल भएको हो। नेपाल र क्यामरुन दुवै असंलग्न आन्दोलन (नाम) तथा ७७ र चीन समूहको सदस्य राष्ट्र हुन्।

## वडाध्यक्षलाई कारबाही गर्न पत्राचार

**दाङ (प्रस)**- दाङको शान्तिनगर गाउँपालिकाले वडा नं २ का वडाध्यक्ष सुनिल वलीलाई कारबाही गर्न पत्राचार गरेको छ। वलीले कर्मचारीमाथि हातपात गरेको भन्दै जिल्ला प्रशासन कार्यालय दाङसँग कारबाहीका लागि पत्राचार गरिएको हो।

कर्मचारीमाथि हातपात गरेको आरोपमा वलीलाई कानुनी कारबाहीको माग गरी बिहीबार पत्राचार गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत डिल्ली खड्काले जानकारी दिए। उनले जिल्ला प्रशासन कार्यालयमा पत्र पठाएर कारबाहीको माग गरेका हुन्।


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : FOH HIN CANVAS SDN BHD

पुर्व स्वीकृति मिति २०७९/०९/१४ पुन विज्ञापन स्वीकृति मिति २०८०/03/0८ LT. No. 278451 चलानी नं.६०१९४०७५

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Factory Worker | 3 | 0 | 1500 | ४२,२३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार १७ गते (2nd July. 2023) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

MEHANDI OVERSEAS PVT. LTD.

श्रम ईजाजत नं. ११५७/०७३/०७४

Sinamangal-9, Airport, Kathmandu, Tel:- 01 4581856

Mobile : 9851134306, Email:mehendioverseas2074@gmail.com


## सबैला नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

सबैला, धनुषा

### सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८०/०३/०९

उपर्युक्त सम्बन्धमा मिति २०८०।०२।२० गतेको प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित अति आवश्यक औषधि तथा सर्जिकल सामान र स्यानेटरी प्याड खरिद सम्बन्धी शिलवन्दी दरभाउपत्रमा रित पूर्वक दर्ता हुन आएका दरभाउपत्रहरु मध्ये सबभन्दा घटी दररेट पेश गर्ने र सारभूत रुपमा प्रभाव ग्राही भएकोले सोही फर्मको दररेट स्वीकृत गरि खरिद गर्ने निर्णय भएकोले सो सम्बन्धमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को प्रयोजनार्थ यो सूचना प्रकाशन गरिएको छ।

| सि.नं. | ठेक्का नं. | विवरण | फर्मको नाम | स्वीकृत रकम |
|---|---|---|---|---|
| १. | ०१/२०७९/०८० | अति आवश्यक औषधि तथा सर्जिकल सामान खरिद | युग मेडिसिन डिष्ट्रिव्युटर्स जनकपुरधाम-२ धनुषा | ३९,३८,९९२।४० |
| २. | ०२/२०७९/०८० | स्यानेटरी प्याड खरिद | राम सर्जिकल जनकपुरधाम-२ | २७,४३,९३३।८० |

**प्रमुख प्रशासकीय अधिकृत**

## सवारी चालक अनुमतिपत्रको परीक्षामा जालझेल

**काठमाडौं (प्रस)**- अख्तियार दुरूपयोग अनुसन्धान आयोगले सवारी चालक अनुमतिपत्रको परीक्षामा अनियमितता गरेको तथा सरकारी कागजात सच्याएको अभियोगमा यातायात व्यवस्था कार्यालय धनगढीका तत्कालीन कार्यालय प्रमुखसहितका कर्मचारीविरुद्ध शुक्रबार विशेष अदालतमा मुद्दा दायर गरेको छ।

परीक्षामा अनुत्तीर्ण भएका परीक्षार्थीलाई प्रयोगात्मक परीक्षामा सामेल गराई उत्तीर्ण गराएको भन्ने उजुरीका आधारमा अनुसन्धान हुँदा अनियमतता भएको पाइएको छ। यातायात व्यवस्था कार्यालय धनगढीका तत्कालीन प्रमुख लक्ष्मण शाहीले आफ्नो आधिकारिक 'युजर आइडी' प्रयोग गरी सवारी चालक अनुमतिपत्रको परीक्षामा बदमासी गरेको पाइएको छ।

उनले लिखित परीक्षामा १८० जना र प्रयोगात्मक परीक्षामा २८३ परीक्षार्थीको परीक्षाको परिणाम फेरबदल गरेको पाइएको छ। आयोगले कार्यालय प्रमुख शाही, यातायात व्यवस्था कार्यालय धनगढीका तत्कालीन सहायक कम्प्युटर अपरेटर नरेन्द्रकुमार कठरिया, कम्प्युटर अपरेटर पवनबहादुर रावल पनि गैरकानुनी काममा संलग्न रहेको पाइएको छ। आयोगले उनीहरूविरुद्ध भ्रष्टाचारको अभियोगमा शुक्रबार विशेष अदालतमा मुद्दा दायर गरेको प्रवक्ता भोला दाहालले जानकारी दिए।

## १२ पालिकामा १६ करोडभन्दा बढी बजेट कटौती

**तम्घास (प्रस)**- गुल्मीका १२ पालिकामा १६ करोडभन्दा बढी बजेट कटौती भएको छ। संघीय सरकारले वित्तीय समानीकरण अनुदानअन्तरगत बजेट कटौती गर्दा जिल्लाका पालिकाहरूमा १६ करोड १७ लाख ५० हजार रूपैयाँ बजेट कटौती भएको कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुख छविन्द बेल्वासेले जानकारी दिए। दुई नगरपालिका र १० गाउँपालिका गरी १२ पालिका रहेको गुल्मीमा सबैभन्दा धेरै रेसुंगा नगरपालिकामा एक करोड ६३ लाख ८७ हजार ५०० रूपैयाँ बजेट कटौती भएको छ।

त्यस्तै मुसिकोट नगरपालिकामा एक करोड ५९ लाख ५० हजार रूपैयाँ बजेट कटौती गरिएको छ। गाउँपालिकामध्ये इस्मामा एक करोड २६ लाख ५० हजार, गुल्मी दरबारमा एक करोड ३३ लाख २५ हजार, कालीगण्डकीमा एक करोड १९ लाख ७५ हजार, चन्द्रकोटमा एक करोड ३२ लाख ८७ हजार ५०० रूपैयाँ बजेट कटौती भएको छ।

त्यसैगरी छत्रकोटमा एक करोड ३१ लाख २५ हजार रूपैयाँ, धुर्कोटमा एक करोड ३३ लाख ७५ हजार, मदानेमा एक करोड २९ लाख ८७ हजार, मालिकामा एक करोड २८ लाख ७५ हजार, सत्यवतीमा एक करोड ३६ लाख ६२ हजार ५०० र रुरुक्षेत्रमा एक करोड २१ लाख ५० हजार रूपैयाँ बजेट कटौती भएको कोष तथा लेखा नियन्त्रक बेल्वासेले जानकारी दिए।

रुरुक्षेत्र गाउँपालिकाका अध्यक्ष यदु ज्ञवालीले संघीय सरकारले बजेट कटौती गर्दा कार्यसम्पादनमा समस्या परेको बताए। धुर्कोट गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत ज्ञानुराम पन्थीले बजेट कटौतीले सम्झौता गरिएका योजना समयमै भुक्तान दिन नपाएको गुनासो गरे।

### शिलवन्दी दरभाउ पत्र प्रक्रियाबाट वन पैदावार बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति :२०८०/०३/०९**

श्री घण्टेश्वरी सामुदायिक वन उपभोक्ता समूहको आ.व. २०७९/८० को नियमित काठरदाउरा सकंलन कार्य मार्फत यस सामुदायिक बनबाट उत्पादन भई समूहको **पेरानी** स्थित घाटगद्दीमा विभिन्न लट बनाई राखिएको साल समेत अन्य जात (अस्ना, धौटी, आदी) को काठ **थान २६३ को परिमाण २०२४.७३ क्यु फिट** तथा साल जातको दाउरा २.५०चट्टा र अन्य जातको दाउरा ४.२५ चट्टा **दाउरा जम्मा ६.७५ चट्टा** जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक वन पैदावारको कार्य गर्न दर्ता भएका स:मिल वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएकोले मितिले २१ (एक्काईस) दिन भित्र प्रत्येक लटको छुट्टा छुट्टै सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पुर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ।

**श्री घण्टेश्वरी सामुदायिक वन उपभोक्ता समूह**
**राप्तीसोनारी-८, शमशेरगञ्ज बाँके**

### माईग्रेसन सर्टिफिकेट हरायो

यही मिति २०७९/०८/01 गते सिनामंगल देखि बालुवाटार सम्म जाँदा मेरो निम्न व्यहोरा भएको माईग्रेशन सर्टिफिकेट हराएकोले फेला पार्नुहुने महानुभावले निम्न फोन नं. वा नजिकको प्रहरी कार्यालयमा बुझाई दिनुहुन विनम्र अनुरोध गर्दछु।

नाम: अनिता पाठक
ठेगाना: भोजपुर
रजिष्ट्रेशन नं.: ७७१००५०१३
सिम्वोल नं.: ९१०००१७९
सम्पर्क नं.: ९८०७०६६१९०, ९८४३०२६२९५

### मोटरसाइकल हरायो

मिति २०८०।२।२० गते राति १२:०० बजे का.म.न.पा. मरुहिटि ढुंगेधारा बसन्तपुरबाट बा. प्र. ०२-०३५ प ६२५६ नं. को **Engine No. DKXCMH29621, Chassis No. MD2A13EX0MCH95335,** निलो कालो रंगको २२० सिसिको पल्सर मोटरसाइकल हराएकोले पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरेमा उचित पुरस्कार दिइनेछ।

सवारी धनी: **मनोज गुरुङ्**
ठेगाना: चाँगुनारायण न.पा.७, भक्तपुर
फोन नं.: ९८५११०१८७८

## सार्वजनिक सूचना

श्री **टार्गेट कन्सल्टेन्ट ह्युमन रिर्सोस (इ.प.नं.८३३) प्रा.लि.** को नाममा यस विभागमा दर्ता करवाही प्रकृयामा रहेका फरफारक हुन बाँकी रहेका तपसिल बमोजिमका उजुरिकर्ताहरुले आजको मितिले ०७ दिन भित्रमा यस कार्यालयमा सम्पर्क गर्नु हुन सर्वसाधारण सवैमा सर्वजनिक सूचना जारी गरिएको छ।

| Complaint No. | Victim Name | Victim Amount | Complaint Date | Country | District | Complaint Nature | Status | Recruitment Agency | Response day |
|---|---|---|---|---|---|---|---|---|---|
| 4142 | Satya Narayan Sah | 1,52,000.00 | 7/31/2019 12:00:00 AM | Qatar | Kathmandu | क्षतिपूर्ति | On Process | Target Consultant Human Resources Pvt Ltd | 0 |
| 4539 | Laxman Kamati: Labourer | 1,10,000.00 | 12/19/2019 12:00:00 AM | Qatar | Kathmandu | क्षतिपूर्ति | On Process | Target Consultant Human Resources Pvt Ltd | 0 |
| 5546 | Ganeshwar Ram | 3,35,000.00 | 11/25/2021 12:00:00 AM | Oman | Kathmandu | क्षतिपूर्ति, तलव सुविधा | On Process | Target Consultant Human Resources Pvt Ltd | 7 |
| 5547 | Shanti Syangtan, Thuli Kanchhi Tamang | 0 | 5/9/2022 12:00:00 AM | Qatar | Kathmandu | उद्धार गरी क्षतिपूर्ति | On Process | Target Consultant Human Resources Pvt Ltd | 7 |
| 5552 | Fulmaya Tamang | 2,79,240.00 | 5/30/2022 12:00:00 AM | Qatar | Kathmandu | रकम र क्षतिपूर्ति, तलव कटाएको | On Process | Target Consultant Human Resources Pvt Ltd | 7 |
| 6069 | Shiva Shankar Shah | 2,50,000.00 | 7/18/2022 12:00:00 AM | Qatar | Kathmandu | खान बस्न नदिएको, रकम र क्षतिपूतिए, भनेबमोजिम सेवासुविधा नपाइ स्वदेश फर्केको | On Process | Target Consultant Human Resources Pvt Ltd | 7 |
| 6354 | Saroj Rai, Arun Rai, Narayan Ray Yadav, Sunil Kumar Yadav, Bikau Rai, Prem Kumar Yadav Rupesh Kumar Yadav | 0 | 7/24/2022 12:00:00 AM | Saudi Arabia | Kathmandu | आवश्यक कारवाही गरी तलव उपलब्ध | On Process | Target Consultant Human Resources Pvt Ltd | 7 |
| 6522 | Ummalal Sarki | 2,05,000.00 | 9/1/2022 12:00:00 AM | Saudi Arabia | Kathmandu | रकम र क्षतिपूर्ति | On Process | Target Consultant Human Resources Pvt Ltd | 7 |
| 6561 | Shukuram Bhulun | 1,61,000.00 | 9/6/2022 12:00:00 AM | Kuwait | Kathmandu | क्षतिपूर्ति | On Process | Target Consultant Human Resources Pvt Ltd | 0 |
| 6607 | Ganesh Budhathoki | 0 | 9/22/2022 12:00:00 AM | Saudi Arabia | Kathmandu | Rescue | On Process | Target Consultant Human Resources Pvt Ltd | 0 |
| 6722 | Khem Bahadur KC | 0 | 10/12/2022 12:00:00 AM | Saudi Arabia | Kathmandu | Rescue | On Process | Target Consultant Human Resources Pvt Ltd | 0 |
| 6729 | Suresh Prasad Yadav, Dilip Kumar Yadav | 0 | 10/17/2022 12:00:00 AM | Saudi Arabia | Kathmandu | Rescue | On Process | Target Consultant Human Resources Pvt Ltd | 0 |
| 6732 | Khil Nidhi Kamali | 0 | 10/21/2022 12:00:00 AM | Saudi Arabia | Kathmandu | Rescue | On Process | Target Consultant Human Resources Pvt Ltd | 0 |
| 6860 | Sarbendra Prasad Yadav | 1,40,000.00 | 12/27/2022 12:00:00 AM | Saudi Arabia | Kathmandu | क्षतिपूर्ति | On Process | Target Consultant Human Resources Pvt Ltd | 0 |
| 6941 | Lalit Buddha Thapa | 0 | 1/6/2023 12:00:00 AM | UAE | Kathmandu | Rescue | On Process | Target Consultant Human Resources Pvt Ltd | 0 |

## सार्वजनिक सूचना

श्री **मोभिरा एच आर सर्भिस प्रा. लि.** को नाममा यस विभागमा दर्ता करवाही प्रकृयामा रहेका फरफारक हुन बाँकी रहेका तपसिल बमोजिमका उजुरिकर्ताहरुले आजको मितिले ०७ दिन भित्रमा यस कार्यालयमा सम्पर्क गर्नु हुन सर्वसाधारण सवैमा सर्वजनिक सूचना जारी गरिएको छ।

| Complaint No. | Victim Name | Victim Amount | Complaint Date | Country | District | Complaint Nature | Status | Recruitment Agency | Response day |
|---|---|---|---|---|---|---|---|---|---|
| 2240 | Sangam Gahatraj, Ashwin Kumar B.k, Khadka Bahadur B.k, Shiva Bahadur B.k, Suraj B.k | 920000 | 8/9/2018 12:00:00 AM | Qatar | Kathmandu | दोषीलाई कारवाही गरी रकम र क्षतिपूर्ती | On Progress | Mobhira H.R. Service Pvt.Ltd. | 0 |
| 3256 | Shankar Khatri | 130000 | 2/20/2019 12:00:00 AM | Qatar | Kathmandu | क्षतिपूर्ति | On Progress | Mobhira H.R. Service Pvt.Ltd. | 0 |
| 4781 | Anil Raj Dhami Paisa Liyera Bidesh Napathayeko | 365000 | 3/30/2020 12:00:00 AM | UAE | Sunasari | रकम फिर्ता | On Progress | Mobhira H.R. Service Pvt.Ltd. | 0 |
| 5631 | Amarlal Chaudhary | 422700 | 5/6/2022 12:00:00 AM | UAE | Kathmandu | तलव कटाएको | On Progress | Mobhira H.R. Service Pvt.Ltd. | 7 |
| 5650 | Deebun Ram | 360000 | 6/19/2022 12:00:00 AM | UAE | Kathmandu | रकम फिर्ता | On Progress | Mobhira H.R. Service Pvt.Ltd. | 7 |
| 5677 | Himal Pokharel | 250000 | 6/27/2022 12:00:00 AM | UAE | Kathmandu | राहदानी र रकम फिर्ता | On Progress | Mobhira H.R. Service Pvt.Ltd. | 7 |
| 6494 | Nabaraj Regmi | 0 | 8/28/2022 12:00:00 AM | UAE | Kathmandu | उद्धार गरी स्वदेश फिर्ता, सम्झौता बमोजिम तलव फरक परेको | On Progress | Mobhira H.R. Service Pvt.Ltd. | 7 |
| 6627 | Bal Kumar Rayamajhi | 340000 | 11/7/2022 12:00:00 AM | Brunei Darussalam | Kathmandu | रकम फिर्ता | Compensated | Mobhira H.R. Service Pvt.Ltd. | 7 |
| 6690 | Bishal Koirala | 210000 | 9/13/2022 12:00:00 AM | UAE | Kathmandu | क्षतिपूर्ति | On Progress | Mobhira H.R. Service Pvt.Ltd. | 7 |
| 7111 | Mohit Ram Mahawot | 0 | 5/14/2023 12:00:00 AM | Malaysia | Kathmandu | उद्धार | On Progress | Mobhira H.R. Service Pvt.Ltd. | 0 |
| 7113 | Lalit Kumar Mahato | 260000 | 5/8/2023 12:00:00 AM | Malaysia | Kathmandu | रकम र क्षतिपूर्ति | On Progress | Mobhira H.R. Service Pvt.Ltd. | 0 |

## १३ सांसदको प्रश्न...

पृष्ठ १ बाट जारी

नै अधिकतम् आन्तरिक विद्युतीय ऊर्जा खपत वृद्धि गर्न सरकारले ऊर्जा खपतसम्बन्धी कार्ययोजना ल्याई सोअनुसार काम अघि बढिरहेको छ। हाम्रो देशमा जलविद्युत् उत्पादनको अत्यधिक सम्भावना रहेको र मुलुकको समृद्धि हासिल गर्न एउटा महत्त्वपूर्ण स्रोतका रूपमा ऊर्जा व्यापार हुनसक्ने तथ्य निर्विवाद छ । आन्तरिक खपतभन्दा बढी उत्पादन भएको विद्युत्लाई निर्यात गरेर मुलुकको आर्थिक विकासमा योगदान पुऱ्याउने लक्ष्य सरकारले लिएको छ । मुलुकको आन्तरिक खपतलाई हेरेर अल्पकालीन, मध्यकालीन र दीर्घकालीनरूपमा खरिद सम्झौता गरिनेछ ।

हाल नेपाल सरकार एवं निजी क्षेत्रबाट निर्माणाधीन र





निर्माणको तयारी अवस्थामा रहेका विद्युत् आयोजनाबाट उत्पादन हुने विद्युत्मध्ये आन्तरिक खपत गरी बाँकी हुने विद्युत् मात्र निर्यात गरिने नीति लिइएको छ । आवश्यकताअनुसार निर्यात हुने परिमाणलाई मन्त्रालयका सचिवस्तरीय समितिले थपघट गर्नसक्ने व्यवस्थासमेत रहेको छ। प्रचलित कानुनको परिधिभित्र रही विद्युत् व्यापार हुनेछ। यससम्बन्धी कार्यविधि ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय र नेपाल विद्युत् प्राधिकरणबाट तयार गर्ने कार्य भइरहेको छ ।

**सांसद अब्दुल खानको प्रश्न**: **सम्माननीय प्रधानमन्त्रीज्यूलाई प्रश्न सोध्न चाहन्छु । तराई मधेसतिर किसानले लगभग धानको बीउ राखिसकेका छन् । अब किसानको सोच मल र सिँचाइको व्यवस्थापनमा छ । मलको हाहाकार छ । बिजुली कटौती अत्यधिक छ । सीमानाकामा जनताले दिनहुँ गाली पिटाइ खाइरहेका छन् । एक विघा अर्थात् २० कठ्ठाको खेती गर्ने किसानलाई दुई बोरा युरिया, एक बोरा डिएपी चाहिन्छ । भारतबाट ल्याउँदा नेपाल प्रहरीले जफत गर्छ । न त हामी दिन सक्छौं न त हामी ल्याउन दिन्छौं । न त हामी किसान कार्ड बनाउँछौं न त हामी नाका खोल्छौं । जनताले कसरी सरकारको अनुभूति गरोस् ? पैसा तिरेर पनि हाम्रो सरकारले किन मल समयमै किन्न सकिरहेको छैन स्पष्ट कारण चाहिन्छ ।**

**प्रधानमन्त्री**: रासायनिक मलको आपूर्ति व्यवस्था विगतका वर्षमा भन्दा सुदृढ भएको छ । २०७९ साउनदेखि हालसम्म तीन लाख ५१ हजार मेट्रिकटन रासायनिक मल आयात भएको छ । सोमध्ये ७१ हजार मेट्रिकटन विभिन्न बिक्री डिपोमा मौज्दातमा रहेको छ । भारतको कलकत्ताबाट ४५ हजार मेट्रिकटन डिएपी यो महिनाभित्र नेपाल भित्रिने अवस्थामा छ । धान रोप्ने सिजनमा विगतको जस्तो मल अभाव हुने अवस्था छैन । सुरुमा रासायनिक मलका लागि १५ अर्ब रूपैयाँ विनियोजन भए पनि थप २३ अर्ब रूपैयाँको स्रोत सुनिश्चित गरी मल आपूर्ति व्यवस्था सुनिश्चित गरिएको छ । यसबाट सरकार कृषकका लागि रासायनिक मल उपलब्ध गराउन जिम्मेवार रहेको स्पष्ट हुन्छ । मलको आयातमा संघीय मन्त्रालयलाई जिम्मेवार बनाइएको छ भने वितरण कार्यमा प्रदेश तथा स्थानीय तहलाई परिचालन गरिएको छ । मल वितरण प्रणालीलाई पारदर्शी बनाउन मल आपूर्ति र वितरणमा डिजिटल प्रणाली प्रयोगमा ल्याइएको छ ।

**सांसद अम्बिका बस्नेतको प्रश्न**: **गोकर्णेश्वर नगरपालिका वडा नं १ शिवपुरी राष्ट्रिय निकुञ्जभित्र पर्दछ । त्यहाँ सर्वसाधारणको पनि बसोबास छ । त्यो बस्तीभन्दा बाहिर बस्ने नातागोता, साथीभाइ आउँदा शुल्क तिरेरमात्रै जानुपर्छ । त्यही क्षेत्रभित्र गोसाइँकुण्ड र हेलम्बु जाने बाटो छ । तर, निकुञ्जलाई शुल्क नबुझाई सहजै अभिलेखकीकरण गरेर मात्रै आवातजावत गर्न पाइँदैन । यसभन्दा पहिला शुल्क नलाग्ने गरी मन्त्रिपरिषद्ले दुईपटक निर्णय गरिसकेको भए पनि कार्यान्वयन नभएको जानकारी गराउन चाहन्छु । सोही निकुञ्जभित्र पर्ने टोखा–छहरे हुँदै नुवाकोट जाँदा अभिलेखीकरण मात्रै गरे पुग्छ । एउटै निकुञ्जभित्र विभेदकारी नियम किन लागू भइरहेको छ ?**

**प्रधानमन्त्री**: यसबारेमा सरकारसमक्ष पहिले पनि त्यस पालिकाका जनप्रतिनिधिले आवाज उठाइसक्नुभएको छ । यो समस्याको समाधान गर्न सरकारले पहल गरिसकेको छ ।

**सांसद अम्मरबहादुर थापाको प्रश्न**: **सरकारको नीति तथा कार्यक्रममा आगामी आव २०८०/८१ को बजेटमा कर्णाली, सुदूरपश्चिम र मधेस प्रदेशलाई विशेष बजेटको व्यवस्था गर्ने भन्नुभएको थियो । बजेट पुस्तिका हेर्दा त्यस्ता विशेष बजेट कुनै मन्त्रालयमा देखिएन । त्यो विशेष बजेट कहाँ–कहाँ छ ? कर्णाली प्रदेश र मधेस प्रदेशमा सबै प्रदेशभन्दा जनता गरिबीको रेखामुनि रहेका छन् । त्यसका लागि बजेट कहाँ छ ? राष्ट्रको ढुकुटी बलियो बनाउने नेपालमा रहेको कच्चा पदार्थबाट वा स्रोत परिचालन गर्ने प्रथमिकताको योजना बजेटमा देखिएन । बजेट वितरणमुखी देखिएको छ यसरी राष्ट्र बलियो हुँदैन ।**

**प्रधानमन्त्री**: माननीय सदस्यज्यूले मधेस प्रदेशमा बजेट विनियोजनका सम्बन्धमा उठाउनुभएको प्रश्नका सम्बन्धमा मैले भर्खरै यस सम्मानित सदनलाई जानकारी गराइसकेको छु। माननीय सदस्यज्यूले कर्णाली प्रदेशमा बजेट विनियोजनका सम्बन्धमा पनि प्रश्न गर्नुभएको सन्दर्भमा कर्णाली प्रदेशका लागि लक्षित गरी कर्णाली समृद्धि कार्यक्रम सञ्चालित छ । हिमाली तथा उच्च पहाडी जीविकोपार्जन कार्यक्रमसमेत कर्णाली प्रदेशको माथिल्लो भू-भागमा सञ्चालनमा रहेको छ । आगामी वर्षमा कर्णाली प्रदेशमा सिँचाइ तथा नदी नियन्त्रणका लागि छुट्टै बजेट व्यवस्था गरिएको छ । कर्णाली कोरिडोर सडक राष्ट्रिय गौरवको आयोजनाका रूपमा सञ्चालित छ । राप्ती राजमार्ग, भेरी कोरिडोर, मध्यपहाडी लोकमार्गको कर्णाली खण्ड र मदन भण्डारी राजमार्गको कर्णाली खण्डका लागि सरकारले प्राथमिकताका साथ बजेट विनियोजन गरेको छ। शिक्षा र स्वास्थ्यतर्फको बजेटमासमेत सरकारले कर्णालीलाई प्राथमिकतामा राखेको छ ।

**सांसद अम्बरबहादुर रायमाझीको प्रश्न**: **संसारको ध्यान क्लिन इनर्जीमा गइरहेको छ । तर, हाम्रो सरकार यसप्रति बेखबर हो कि ? शक्तिकेन्द्रको स्वार्थप्रति नतमस्तक हो ? बुझ्न सकिएन । अस्ति प्रधानमन्त्री भारत भ्रमण जानुभयो । हाम्रो १० हजार मेगावाट क्लिन इनर्जी भारतलाई बेच्ने सम्झौता गर्नुभयो भने उताको पेट्रोल, डिजेल, ग्यास मट्टितेल जस्ता उच्च कार्बन उत्सर्जन गर्ने डर्टी इनर्जीको सजिलो पहुँचका लागि भरतपुरदेखि काँकडभिट्टासम्मको पाइपलाइन विस्तारको सम्झौता गरेर आउनुभयो । इनर्जीमाथि अर्काको नियन्त्रणले मुलुकको स्वतन्त्रता खतरामा पर्छ । हामी आफैंले विकास गर्न सकिन्छ, विद्युत् अर्कालाई सुम्पँदै छौं । के यो सरकारको योजना र रणनीति हो ? यो नयाँ युगको सुरुआत हो कि परनिर्भरताको तयारी हो ?**

**प्रधानमन्त्री**: हाल मुलुकमा हाइड्रोपावर, सोलार, बायोग्यास जस्ता स्वच्छ ऊर्जाका स्रोतबाट विद्युत् ऊर्जा उत्पादन भइरहेको छ। वर्षायाममा विद्युत् ऊर्जाको मागभन्दा आपूर्ति बढी भइरहेको अवस्था छ। देशमा विद्युतीय र पेट्रोलियम दुवै ऊर्जाको प्रयोग भइरहेको छ । विद्युत्को प्रयोग बढाउँदै लाने र पेट्रोलिम पदार्थको प्रयोग कम गर्दै क्रमशः विस्थापित गर्ने सरकारको नीति हो । नेपालमा विद्युतीय सवारीसाधनको प्रयोग भर्खर मात्र सुरुआत भएको हो । अधिकांश सार्वजनिक तथा निजी सवारीसाधन पेट्रोलियम पदार्थमा निर्भर रहेको अवस्था छ । सबै सवारीसाधनलाई एकैपटक र अहिले नै विद्युतीय सवारीसाधनमा रूपान्तरण गर्न प्राविधिकरूपमा सम्भावना पनि छैन । त्यसैले विद्युतीय ऊर्जाले पेट्रोलियम ऊर्जालाई विस्थापन नगर्दासम्म पेट्रोलियम पदार्थको सहज आपूर्ति गर्नुका साथै देशको आर्थिक विकासका लागि ऊर्जा आपूर्तिको दिगो सुरक्षालाई मध्यनजर गरी पेट्रोलियम पाइपलाइन विस्तारसम्बन्धी कार्य अगाडि बढाइएको हो । यसका साथै आपत्कालीन अवस्थामासमेत इन्धन आपूर्तिको वैकल्पिक स्रोतको व्यवस्थापन गर्नुपर्ने भएकाले पनि पेट्रोलियम पदार्थको उपभोगलाई तत्काल शून्यमा झार्न सकिने अवस्था छैन । यसलाई सहज र किफायती बनाउन पनि पेट्रोलियम पाइपलाइन निर्माण कार्य विस्तार गर्न खोजिएको हो । यसबाट इन्धन आपूर्ति सुनिश्चितता हुने, उपभोक्ता मूल्यमा कमी आउने तथा व्यापारघाटा न्यूनीकरण गर्न सहयोग पुग्दछ ।

**सांसद डा. अमरेशकुमार सिंहको प्रश्न**: **२०६२/६३ देखि नै मधेसका २० जिल्लामा बजेट विनियोजन कम भएको देखिन्छ साथै यसको सीधा प्रभाव मधेसको जिल्लाको सदरमुकाममाथि परेको छ । यसको कारण के हो ? दोस्रो कुरा २०७२ को संविधानमा समावेशीको ग्यारेन्टी गरेको छ तर यता राज्यको सम्पूर्ण संरचना (सुरक्षा निकाय, प्रशासनिक निकाय, न्यायपालिका, कूटनीतिक क्षेत्र) असमावेशी हुँदै गइरहेको कारण के छ ?**

**प्रधानमन्त्री**: मुलुकको समग्र विकासका निम्ति सरकारले लिएका नीतिगत प्राथमिकता र विभिन्न विषय क्षेत्रको विकासका लागि गर्नुपर्ने लगानी आवश्यकताका आधारमा बजेट विनियोजन गर्ने कार्य भएको छ । मानव विकास सूचकांकमा पछि परेका कर्णाली प्रदेश, सुदूरपश्चिम प्रदेश र मधेस प्रदेशलाई विशेष प्राथमिकतामा राखी स्रोतसाधनको न्यायपूर्ण तरिकाले विनियोजन गरिएको छ। राज्यको सम्पूर्ण संरचनालाई समावेशी बनाउँदै समावेशी लोकतन्त्रको सुदृढीकरणका लागि सरकार प्रतिबद्ध र प्रयत्नशील छ । सोहीअनुसार विभिन्न नीतिगत, कानुनी र प्रक्रियागत सुधारलाई निरन्तरता दिँदै आइरहेको छ ।

**सांसद अमृतलाल राजवंशीको प्रश्न**: **दूधको गुणस्तर जाँच गर्ने, दूधसम्बन्धी उच्चस्तरीय अध्ययन, किसानसँग प्रत्यक्ष सरोकार भएको, दूधको न्यूनतम समर्थन मूल्य तोक्नेजस्ता महत्त्वपूर्ण काम भएको राष्ट्रिय दुग्ध विकास बोर्ड सरकारले खारेज गर्नुपर्ने कारण के हो ? जबकि दुई वर्षभित्र दूध उत्पादनमा आत्मनिर्भर गर्ने सरकारको लक्ष्य हासिल गर्न यस बोर्डको मुख्य भूमिका रहन्छ । साथै पशु सेवा विभागको तथ्यांकअनुसार लम्पीस्किन रोगको महामारीले १५ हजारभन्दा बढी गाईभैंसी मरिसकेका, तीन लाख ५३ हजारभन्दा बढी गाईभैंसी यो रोगबाट संक्रमित भइसकेका एवं यो रोग ५०० भन्दा बढी स्थानीय तहमा फैलिसकेका अवस्थामा यस विषयमा सरकारले के गरिरहेको छ ?**

**प्रधानमन्त्री**: राष्ट्रिय दुग्ध विकास बोर्डको कार्यक्षेत्र र मन्त्रालय एवं विभागबाट सम्पादन भइरहेको कार्य समानान्तर प्रकृतिको रहेको र दोहोरोपनासमेत देखिएकाले यसलाई खारेज गरी यससम्बन्धी नियामकीय र प्रवर्द्धनात्मक कार्य मन्त्रालय र विभागबाट सम्पादन हुने व्यवस्था मिलाइनेछ । हाल सार्वजनिक खर्चमा परेको चापसमेतलाई मध्यनजर गरी यो निर्णय लिइएको हो ।

लम्पीस्किन रोग नेपालमा पहिलोपटक व्यापकरूपमा फैलिएको अवस्था रहेको छ । रोग लाग्न नदिन र लागेका पशुलाई उपचारका लागि संघ, प्रदेश, स्थानीय तह र विभिन्न संस्थामा रहेका पशु सेवा प्राविधिक परिचालन गरिएका छन् । संघबाट कृषि तथा पशुपन्छी विकास मन्त्रालयले सहसचिवको नेतृत्वमा प्रदेशमा सातवटा टोली परिचालन गरिसकेको छ । स्थानीय तह र प्रदेशमा कार्यरत पशु सेवा प्राविधिकलाई अनलाइन तालिमको व्यवस्था गरी क्षमता विकास गर्ने काम भइरहेको छ । यो रोग नियन्त्रण र उपचारका लागि संघीयस्तरबाट चाँडै बजेटको व्यवस्था गरी स्थानीय तहमा पठाउने प्रक्रियामा रहेको छ। आगामी दिनमा यस्ता संक्रामक रोग फैलिन नदिन क्वारेन्टिन व्यवस्थापन, जनशक्ति व्यवस्थापन र औषधिउपचारलाई थप सुदृढ गरिनेछ ।

**सांसद अमृतादेवी अग्रहरीको प्रश्न**: **नेपालको संविधानको धारा १० को उपधारा (१) ले कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट वञ्चित गरिने छैन भन्ने व्यवस्था गरेको छ । सोही धाराको उपधारा (२) बमोजिम नेपालमा प्रादेशिक पहिचानसहितको एकल संघीय नागरिकताको व्यवस्था गरिएको छ । साथै धारा ११ को उपधारा (३) मा यो संविधान प्रारम्भ हुनुभन्दाअघि जन्मका आधारमा नेपालको नागरिकता प्राप्त गरेको नागरिकको सन्तानले बाबुआमा दुवै नेपालको नागरिक रहेछन् भने निज बालिग भएपछि वंशजका आधारमा नेपालको नागरिकता प्राप्त गर्नेछ भन्ने व्यवस्था गरेको छ । संविधानको यो स्पष्ट व्यवस्थालाई कार्यान्वयन गर्न नागरिकता विधेयक पारित गर्नुपर्नेमा यो दायित्वबाट पन्छिँदै नागरिकता जस्तो संवेदनशील विषयमा देशलाई विभाजन गर्ने र राजनीतिक दाउपेचको विषय सरकारले किन बनाइरहेको छ ? सम्माननीय प्रधानमन्त्रीज्यू, नागरिकता विधेयक संसद्मा कहिले दर्ता गर्नुहुन्छ ?**

**प्रधानमन्त्री**: हिजोमात्रै सम्मानित अदालतबाट यो फैसला आइसकेपछि यहाँले उठाउनुभएको प्रश्नको जवाफ स्वयं अदालतले नै दिइसकेको छ। सम्माननीय राष्ट्रपतिज्यूबाट मिति २०८० जेठ १७ मा नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक प्रमाणीकरण भइसकेको छ । उक्त ऐनउपर सम्मानित सर्वोच्च अदालतमा रिट निवेदन दायर भएको र मिति २०८० जेठ २१ मा उक्त विषयमा सम्मानित सर्वोच्च अदालतबाट अल्पकालीन अन्तरिम आदेश जारी भएकामा सम्मानित सर्वोच्च अदालतबाट हिजोमात्र उक्त अल्पकालीन आदेशलाई निरन्तरता नदिने आदेश भएबाट यस ऐनको कार्यान्वयनको बाटो खुलेको छ ।

**सांसद अर्जुननरसिंह केसीको प्रश्न**: **कृषिप्रधान देशका किसानले हरेक वर्ष खेतीको याममा मल नपाएर हाहाकार भोग्नुपरेको, तर कालोबजारमा जति पनि मल पाइने लज्जास्पद र दुःखद् अवस्थालाई चिरेर जसोतसो उत्पादन गरेका दूध, तरकारी, फलफूल तथा खाद्यान्नको न्यूनतम मूल्य पनि नपाएर सडकमा फाल्नुपर्ने, अर्कातिर उपभोक्ताले चर्को मूल्य तिर्नुपर्ने विद्यमान किसानद्रोही र अराजक अवस्था यो वर्षदेखि अन्त्य हुन्छ ?**

**प्रधानमन्त्री**: कृषिउपजको बजार प्रणालीमा कृषकले न्यून मूल्य पाउने र उपभोक्ताले चर्को मूल्य तिर्नुपर्ने अवस्थाको अन्त्य गर्न प्रमुख खाद्यान्नबालीको सिजनपूर्व नै समर्थन मूल्य तोक्ने व्यवस्था गरिएको छ । दूध उत्पादक कृषकले पाउने न्यूनतम् मूल्य तोकिएको छ भने उखु उत्पादक कृषकलाई ७० रूपैयाँ प्रतिक्विन्टलको हिसाबले अनुदान उपलब्ध गराउने व्यवस्था मिलाइएको छ । तरकारीको बजार प्रणालीमा देखिएका समस्या समाधान गर्न विकेन्द्रित प्रणाली अपनाइ प्रदेश सरकार र स्थानीय तहहरूलाई समेत जिम्मेवार बनाउने गरी कार्य भई राखेको छ ।

आधुनिक कृषि बजार पूर्वाधारको विकास तथा व्यवसायीसँगको सहकार्यमा खरिद सुनिश्चितता गर्ने गरी कार्यक्रम सञ्चालित छन् । बजारको मागअनुसार नाशवान् कृषि उपजको उत्पादन गर्न बजार सूचना प्रणाली स्थापना गरी कृषकलाई सुसूचित गर्ने कार्यक्रम रहेको छ । बढी उत्पादन भएको नाशवान् कृषि उत्पादन 'कोल्डस्टोर'मा राख्नसक्ने गरी पूर्वाधार विकासको कार्य भइरहेको छ । सरकारले केही कृषिउपजको न्यूनतम समर्थन मूल्य तोकिसकेको छ। माननीय सदस्यको सुझावअनुसार सम्भव भएसम्म अन्य उपजको पनि न्यूनतम समर्थम मूल्य तोक्दै जाने नीति लिइएको छ ।

**सांसद अशोककुमार चौधरीको प्रश्न**: **सम्माननीय प्रधानमन्त्रीज्यूले स्वयं २०८० जेठ २२ को सम्मानित सदनको बैठकमा सीमासुरक्षा समस्या हल गर्दै लाने बताउनुभयो तर भारततर्फ चार हजार २६२ स्थानमा सीमास्तम्भ मर्मत, एक हजार ५३३ सीमास्तम्भ हराएको चीनसँग दुई वटा सीमास्तम्भ निर्माण गर्नुपर्ने महालेखाको प्रतिवेदन, २०७९ मा छ । राष्ट्रिय अखण्डता, स्वाधीनता, राष्ट्रियतासँग जोडिएको सीमा रक्षा, निर्माण र मर्मतका लागि यो सरकारबाट आवश्यक बजेटको विनियोजन नहुनु सरकारको लाचार र लम्पसारवादको पराकाष्ठा हो ? के सरकार स्वयं राष्ट्रियता कमजोर बनाउन लागेको हो ? होइन भने राष्ट्रिय हितको रक्षा गर्न सरकारलाई के कुराले रोकेको छ । सम्माननीय प्रधानमन्त्रीज्यूबाट यसको जवाफ चाहन्छु ?**

**प्रधानमन्त्री**: नेपालको सार्वभौमसत्ता, राष्ट्रिय स्वतन्त्रता, भौगोलिक अखण्डता, सिमानाको सुरक्षा, राष्ट्रिय एकतालगायत राष्ट्रिय हितको रक्षाका लागि सरकार संवेदनशील र निरन्तर प्रयत्नशील छ । यसै सन्दर्भमा अन्तर्राष्ट्रिय सीमा सुरक्षालाई थप सबल सुदृढ र प्रभावकारी बनाउन सीमास्तम्भको नियमित मर्मतसम्भार गर्दै जाने र बोर्डर आउट पोस्टको सुदृढीकरण र थप स्थानमा आउट पोस्ट निर्माण गर्दै लैजाने विषय सरकारको उच्च प्राथमिकतामा रहेको र सोहीबमोजिम स्रोतसाधन र जनशक्तिको व्यवस्था गरिएको छ । हालसम्म स्थापना भएका २५० बोर्डर आउट पोस्टमध्ये १२८ वटाको भौतिक संरचना निर्माण भएको र चालु आवसम्ममा थप १० बोर्डर आउट पोस्ट निर्माण सम्पन्न हुनेछन् । *रासस*

# खुवाको 'हब' बन्दै चुच्चेखोला

■ मणिराज गौतम

**मनहरी–** हेटौंडा-६ चुच्चेखोलाका कृष्णप्रसाद तिमल्सिनाले खुवा व्यवसाय गर्न थालेको ४४ वर्ष भयो । हेटौंडाको पहिलो खुवा घोट्ने व्यवसायीका रूपमा परिचित तिमल्सिनाले २०३६ सालदेखि यो पेसा सुरु गरेका हुन् ।

उमेरले लगभग ८० वर्ष टेकिसके पनि तिमल्सिनाको खुवा घोट्ने जोश जाँगर अझै पनि घटेको छैन । उनी अहिले पनि बिहान ५ बजेदेखि राति ९ बजेसम्म खुवा घोट्नमै व्यस्त हुन्छन् । खुवा घोटेर परिवार पालनपोषणसँगै तिमल्सिनाले यही पेसाबाट कमाएको रकमले आफ्ना तीन छोरा र एक छोरीलाई अध्यापनसँगै जग्गाजमिन जोड्नसमेत सफल भएका छन् । इच्छाशक्ति भयो भने एउटै कामबाट पनि सफल बन्न सकिन्छ भन्ने उदाहरणका रूपमा तिमल्सिनालाई लिन सकिन्छ ।

मकवानपुरको हेटौंडा उपमहानगरपालिका वडा नं ६ र १७ को साँधमा तिमल्सिनाको श्रीकृष्ण खुवा बिक्री भण्डार भन्ने पसल छ । अहिले कृष्णप्रसादको बिँडो माहिला छोरा बुहारीले थामेका छन् । 'उमेरले नेटो काट्यो के गर्नु, पुरानो पेसा छाड्न सकिएन माया लाग्छ, त्यसैले अहिले पनि सकेसम्म आफैं अग्रसर हुन्छु,' तिमल्सिना भन्छन् ।

पसल छोराबुहारीले सम्हालेपछि तिमल्सिनाले यही नाममा यसैको शाखा हेटौंडा बजारमा खोलेको पनि २३ वर्ष भइसकेको उनी बताउँछन् । चुच्चेखोलाको व्यवसाय सुरु गरेको अहिले ४५ वर्ष भयो । जीवनको पूवार्द्धमा दुःखकष्ट र उकाली ओरालीहरूसँग संघर्ष गर्दागर्दै अन्ततः तिमल्सिनाले खुवा व्यवसायको पहिचान बनाए ।

चुच्चेखोला अहिले खुवा पारखीहरूको आकर्षणको केन्द्र बन्दै गएको छ । पूर्व-पश्चिम राजमार्गको सप्तरीको बरमजीयामा पाइने बाजेको पेडाजस्तै चर्चित छ चुच्चेखोलाको खुवा । तपाईं जो कोही जतिबेला पनि चुच्चेखोला पुग्नुभयो भने हरेक दिन बिहानदेखि बेलुकैसम्म आगो नै बालेर सफा र शुद्ध तरिकाले खुवा बनाएको प्रष्ट देख्न सकिन्छ ।

सुरुमा खुवाको बारे त्यति चर्चा नभए पनि २०३८ सालतिरबाट यसले बजार पनि पाउन थालेको हो । दूधलाई कराईमा आगोले तताएर लगभग दुई घण्टा पन्युले चलाउँदै गएपछि खुवा बन्दछ । खुवा पछिल्लो समय कोसेलीका रूपमा पनि लिने गरिन्छ । यसको बजार नेपालभर मात्र होइन, विदेशमा पनि कोसेलीका रूपमा पनि पुग्ने गरेको तिमल्सिना बताउँछन् । यसले देशको अर्थतन्त्रमा पनि ठूलै हिस्सा जोडेको छ ।

गोरेटो बाटो रहेकाले उतिबेला हिँडडुल गर्नेहरूको चहलपहल खासै नभएकाले व्यापारको सुरुआती दिन सम्झिँदा तिमल्सिना भन्छन्, 'त्यस समयमा खुवाको व्यापारबाट दैनिक एक किलो खुवा बेच्न पनि मुस्किल थियो ।'

आफ्नो परिश्रममा विश्वास राख्ने तिमल्सिनाले पेसाप्रतिको इमान्दारितालाई पनि मर्न दिएन भन्दै निरन्तर लागिरहे । मिहेनतमा भरोसा गर्नेले एक दिन अवश्य सुख पाउनेछ भन्ने आशा राखेर उनले यही पेसालाई आफ्नो जीवनको उत्तरार्द्धसम्म पनि निरन्तरता दिइरहेका छन् । पहिला प्रतिकेजी १५ रूपैयाँसम्म खुवा बेचेको उनी सम्झन्छन् । अहिले त खुवाको मूल्य प्रतिकेजी ७०० रूपैयाँ पुगेको छ ।

पहिलापहिला खुवाका लागि दैनिक १० लिटर दूध घोट्ने तिमल्सिना पछिल्लो एक दशकयता दैनिक २०० लिटरसम्म दूध घोट्ने गर्छन् । खुवाको लागि भैंसीको दूध चाहिने भएकाले पछिल्लो समय भैंसीपालनमा भन्दा बढी गाईपालनमा कृषकहरू आकर्षित भएपछि खुवाका लागि भैंसीको दूध जुटाउन तिमल्सिनालाई निकै समस्या आइपरेको छ ।

छोराबुहारीले विभिन्न गाउँबाट मगाउँछन् अहिले पनि दैनिक ४०० लिटरसम्म दूध खरिद गरी खुवा घोट्ने काम भइरहेको उनी बताउँछन् । चार लिटर दूध बराबर एक किलो खुवा उत्पादन हुने हुँदा तिमल्सिनाको पसलमा दैनिक ७५ किलोसम्म खुवा उत्पादन हुने गर्दछ । उनले पसलबाटै प्रतिकेजी ७०० रूपैयाँमा खुवा बेच्छन् । यही व्यवसायबाट दैनिक खर्च कटाएर मासिक लाखौं रूपैयाँ आम्दानी गरिरहेको उनको भनाइ छ ।

तिमल्सिनाको फरक पेसाले साँच्चै नै व्यावसायिक क्रान्ति छर्न सकिन्छ भन्ने उदाहरण बनेका छन् तिमल्सिना । अहिले त हेटौंडाको चुच्चेखोलामा मात्र लगभग दर्जनभन्दा बढी खुवाका पसल छन् ।

तिमल्सिनामात्र होइन, यही पेसाबाट उनका छिमेकी श्यामकुमार मानन्धरले पनि आफूलाई खुवा व्यवसायीका रूपमा परिचित बनाएका छन् । विगत २४ वर्षदेखि चुच्चेखोलामा मानन्धरले खुवा बेच्दै आएका छन् । उनी पनि एक सफल खुवा व्यवसायीका रूपमा परिचित छन् । मानन्धरले सञ्चालन गरेको कृष्ण कन्हैया खुवा भण्डार पनि साढे दुई दशक पुग्न थाल्यो ।

उनको भण्डारमा ग्राहकहरूको बाक्लो भीड लाग्ने गरेको देख्न सकिन्छ । विसं २०५६ तिरबाट खुवा बनाउन सुरु गरेका मानन्धरले अहिले खुवा बेचेर फुर्सद पाउँदैनन् । दैनिक १५० लिटर दूध खपत गरेर २० किलोभन्दा बढी खुवा बनाउने गरेको मानन्धर बताउँछन् ।

